पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा

२०७३

कोशी प्रदेश, नेपाल

प.सं. :- २०८१।०८२

च.नं. :- ४५८३

## कर्मचारी तह वृद्धि सम्बन्धी ३० दिने सूचना

**(सूचना प्रकाशन मिति : २०८२।०२।१८)**

यस कार्यालयको तह वृद्धि सिफारिस समितिको मिति २०८२।०२।१८ गतेको निर्णय अनुसार कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (१) बमोजिम पाँचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तह वृद्धि हुनका लागि मिति २०८२ असार मसान्त सम्ममा योग्यता पुगेका वा पुग्न योग्य यस नगरकार्यपालिकाको कार्यालय तथा मातहतका स्थायी कर्मचारीहरुले पाख्रीबास नगरपालिकाको स्थानीय सरकारी सेवाका कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधी, २०८० को अनुसूची १ बमोजिमको ढाँचामा देहायका कागजातहरु संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तह वृद्धिका लागि यस कार्यालयमा आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबै कर्मचारीहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

- नेपाली नागरिकताको प्रतिलिपी
- स्थायी नियुक्ति पत्रको प्रतिलिपी
- तहबृद्धि हुने भन्दा तल्लो पदमा नियुक्ति वा बढुवा भएको पत्रको प्रतिलिपी
- समायोजन भएको भए समायोजन पत्रको प्रतिलिपी
- अघिल्लो तीन आर्थिक वर्षको कार्यसम्पादन मुल्याङ्कन
- विभागिय सजाय नपाएको, निलम्बनमा नरहेको, बढुवा रोक्का नभएको विवरण सहितको सिफारिस पत्र र सो सम्बन्धी स्वघोषणा पत्र
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपी
- निवेदन पेश गर्ने निकाय : प्रशासन शाखा, पाख्रीबास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, धनकुटा।

...................

(विज्ञान कोइराला)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृ